# Soaltee Hotel Limited

★ ★ ★ ★ ★

## आर्थिक वर्ष २०७७/०७८ को प्रथम त्रैमासिक अवधिको प्रतिवेदन

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) संग सम्बन्धित**

**अनुसूची – १४**

सोल्टी होटल लिमिटेडको २०७७ आश्विन मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७७/०७८ को प्रथम त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदनः

### १. वित्तीय विवरण

(क) आर्थिक वर्ष २०७७/०७८ को प्रथम त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण :–
आर्थिक वर्ष २०७७/०७८ अन्तर्गत कम्पनीको २०७७ आश्विन ३० (१६ अक्टुवर २०२०) मा समाप्त प्रथम त्रैमासिक अवधिको बैधानिक लेखापरीक्षण हुनु पूर्वका (अन्तिम लेखापरीक्षण हुन बांकी) तुलनात्मक वित्तीय विवरणहरु अनुसूची १ मा प्रस्तुत गरिएकोछ ।
प्रथम त्रैमासिक समीक्षा अवधिमा सम्बन्धित पक्षहरु बीच होटेलको नियमित व्यावसायिक कारोवार बाहेक अन्य कुनै कारोवार नभएको ।

(ख) आर्थिक वर्ष २०७७/०७८ को प्रथम त्रैमासिक अवधि, २०७७ आश्विन ३० (१६ अक्टुवर २०२०) मा समाप्त भएको अवधिको लेखापरीक्षण नभएको प्रमुख वित्तीय अनुपातहरु :–

| विवरण | प्रथम त्रैमासिक अवधि<br>३० सेप्टेम्बर २०२० को अन्त्यमा<br>(लेखापरीक्षण नभएको) | अघिल्लो त्रैमासिक अवधि<br>१५ जुलाई २०२० को अन्त्यमा<br>(लेखापरीक्षण नभएको) | गत बर्षको त्रैमासिक अवधि<br>३० सेप्टेम्बर २०१९ को अन्त्यमा<br>(लेखापरीक्षण नभएको) |
|---|---|---|---|
| प्रमुख वित्तीय सूचांकहरुः | | | |
| ऋण पूंजीको अनुपात | ०.०१ | ०.०१ | ०.०१ |
| शेयरधनीको शेयर पूंजी कोषको प्रतिफल | (०.०५) | ०.०६ | ०.०२ |
| प्रति शेयर आम्दानी (रु.) | (०.९४) | १.२५ | ०.४० |
| प्रति शेयर नेटवर्थ (रु.) | १८.६४ | १९.५९ | २२.६२ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु.) | २६.१६ | २९.५० | ३३.२७ |
| प्रति शेयर बजार मूल्य (रु. १०/– प्रति शेयर) (रु.) | १८५.०० | १५४.०० | २०७.०० |
| प्राईस अर्निङ्ग रेसियो (टाईम्स) | (१९६.५२) | १२२.७२ | ५१३.६६ |
| चालु अनुपात | १.२८ | १.४९ | १.८२ |

### २. व्यवस्थापकीय विश्लेषण

(क) आर्थिक वर्ष २०७७/०७८ को प्रथम त्रैमासिकको समीक्षा अवधि २०७७ श्रावण, भाद्र तथा आश्विन तीन महिना कोरोनाभाईरस कोभिड–१९ को कारण होटेलका व्यावसायीक गतिबिधि तथा क्रियाकलापहरु प्राय बन्दनै रहेकोले सोको प्रत्यक्ष प्रभाव होटेलको आम्दानीमा परेकोछ । यस अवधिमा पनि विश्वभर महामारीको रुपमा फैलिरहेको कोरोनाभाईरस कोभिड–१९ का कारण नेपालमा अन्तर्राष्ट्रिय पर्यटक आवागमन प्रतिबन्धको अवस्था कायमै रहयो भने होटेलमा आन्तरिक पर्यटकको पनि आगमन भएन । नेपाल सरकारबाट २०७६ चैत्र ११ गतेबाट कोरोनाभाईरस कोभिड–१९ संक्रमण फैलिन नदिन र रोकथामको लागि सम्पूर्ण नेपालमा बन्दाबन्दी (लकडाउन) घोषणाको अवस्था होटेलहरुका लागि २०७७ श्रावण ६ गते सम्म जारी रहयो । तत्पश्चात होटल संचालनलाई स्वस्थ्य प्रोटोकोल तथा कोभिड–१९ संक्रमण रोक्न जारी निर्देशिका पालन गरी संचालन गर्न खुल्ला गरिएको भएतापनि सभा, समारोह, बैठक, सेमिनार, प्रतिभोज प्रतिबन्धीतनै रहेको र अन्तर्राष्ट्रिय पर्यटक आगमन तथा अन्तर्राष्ट्रिय हवाई जहाजको नेपालतर्फका उडानहरु नियन्त्रितरही पूर्ण खुल्ला नगरिएको तथा कोरोनाभाईरस कोभिड–१९ को कारण अन्तर्राष्ट्रिय पर्यटन समेत धेरै देशहरुमा नियन्त्रीत वा प्रतिबन्धित रहेकोले अन्तर्राष्ट्रिय पर्यटकहरुको आगमन हुने कुरै भएन ।

साथै यस अवधीमा पनि विश्वका विभिन्न देशहरुमा कोरोनाभाईरस कोभिड–१९ को संक्रमणका कारण कतै पूर्ण तथा कतै आंशिकरुपमा पर्यटन तथा यात्रा प्रतिबन्धितको अवस्था कायमै रहयो । यस अवधिमा प्रतिबन्धात्मक यात्रा, भ्रमणमा निश्कने यात्रुहरुको अत्यन्त न्यूनताको अवस्था कायम रहेको, विदेशी पर्यटक आवागमन नियन्त्रीत र प्रतिबन्धित रहेको तथा आन्तरिक पर्यटनमा समेत देशमा तिव्रगतिले फैलिदै गरेको कोभिड–१९ को व्यापक प्रभाव प्रत्यक्षरुपमा होटेल र यात्रा सम्बन्धी उद्योगहरुमा पर्‍यो । यस अवधिमा पनि नेपाल गन्तव्यका सबै अन्तर्राष्ट्रिय हवाई उडानहरु बन्द रहे । हवाई सेवा लामो समय सम्म अवरुद्ध भएको र पर्यटकका लागि नेपाल खुल्ला नभएको अवस्था कायमै रहयो । कोरोनाभाईरस कोभिड–१९ को कारण नेपालको पर्यटन उद्योग पूर्णत प्रभावित रहेकोछ । अतः निकट भविष्यमा कोभिड–१९ विरुद्धको खोपको आविश्कार नभएमा गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षको आम्दानीमा अनपेक्षित प्रभाव पर्ने परिकल्पना गर्न सकिन्छ ।

(ख) आर्थिक वर्ष २०७७/०७८ को प्रथम त्रैमासिकको समीक्षा अवधिको अन्त्यमा ३० सेप्टेम्बर २०२० (२०७७ आश्विन १४) सम्मका कम्पनीका वित्तीय विवरणहरु अघिल्लो आर्थिक वर्षको सोही अवधिसंग तुलनात्मक रुपले विश्लेषण गर्दा कम्पनीको कुल आय आर्जन समग्रमा लगभग ८३.७७ प्रतिशतले ह्रास आएको छ जो पूर्णतया कोरोनाभाईरस कोभिड–१९ का कारणबाट परेको प्रतिकुल प्रभावको परिणाम हो । कम्पनीको आय आम्दानीमा कोभिड–१९ को प्रतिकुल प्रभाव परेको अवस्था छ । तथापी कम्पनीको संचालन तथा व्यवस्थापन नेतृत्वको कुशल र रणनीतिक व्यवस्थापन, प्रतिकुल परिस्थितिमा दृढताका साथ कार्यकुशलता प्रदर्शन गर्ने व्यवस्थापकीय निपूर्णता, व्यवसायीक दक्षता तथा क्षमता, कर्मचारीहरुको पूर्ण सहयोग र समर्थन आदिको कारण कम्पीलाई आम्दानी शून्यताको अवस्थाबाट बचाई न्यून भएपनि आय आम्दानी भएको छ । तदनुरुप कम्पनीको खर्चहरुमा समेत पूर्णतः मितव्ययीता अपनाई सोमा व्यापक कटौति गरिएकोले चालु आर्थिक वर्ष २०७७/०७८ को प्रथम त्रैमासिक अवधिमा कम्पनीलाई हुन सक्ने अप्रत्याशित नोक्सानीलाई सकेसम्म न्यूनिकरण गर्दै सो सम्बन्धी सबै व्यवसायीक तथा रणनीतिक कार्यहरु गरिनै रहेको छ र आगामी दिनहरुमा पनि यो प्रयास जारी राख्नेछ ।

(ग) समिक्षा त्रैमासिक अवधिमा कम्पनीको आम्दानी न्यूननै रहयो तथापी कम्पनीको व्यवस्थापकीय कार्यकुशलता तथा आपतकालिन र प्रतिकुल परिस्थितिमा काम गर्न सक्ने कार्यकौशलता र सुझबुझका साथ कार्यसम्पादन गर्ने रणनीतिक कार्यदक्षताका कारण कम्पनीको मौज्दात र तरलताको अवस्था भने औषतनै रहयो । यस पछिको आर्थिक वर्ष २०७७/७८ को दोश्रो त्रैमासिक अवधि पनि कोभिड–१९ को प्रभाववाट प्रभावित हुने र पर्यटन अस्थीर रहने लक्षण परिलक्षित भएका छन् ।

(घ) आर्थिक वर्ष २०७७/७८ को आगामी दोश्रो त्रैमासिक अवधिमा कम्पनीको व्यावसायिक गतिविधिहरुको सन्दर्भमा विश्वव्यापी महामारीको रुपमा संक्रमण भई फैलिरहेको कोरोनाभाईरस कोभिड–१९ विरुद्धको खोप आविश्कार नभए सम्म विश्व तथा नेपालको पर्यटन प्रभावित हुने देखिन्छ । विश्वमा अन्तर्राष्ट्रिय पर्यटक तथा यात्रु आवागमन न्यूननै रहने प्रक्षेपण छ । विश्वव्यापी रुपमा सबै अन्तर्राष्ट्रिय हवाई उडानहरु कोभिड–१९ का कारण नियन्त्रीत उडानमा रहेका छन् । यस अवधिमा केही स्वीकृति प्राप्त हवाई सेवाका उडान बाहेक नेपाल आउने सबै अन्तर्राष्ट्रिय हवाई उडानहरु संचालन भएनन् । पर्यटक तथा अन्य यात्रुको आवागमन पूर्णत ठप्पनै रहयो । यात्रु र पर्यटक कोभिड–१९ बिरुद्धको खोप नआए सम्म पर्यटन उद्योग प्रभावित हुने अनुमान लगाउन सकिन्छ । यसबाट आर्थिक वर्ष २०७७/७८ को आगामी दोश्रो त्रैमासिक अवधिमा पनि कम्पनीको आम्दानीमा न्यूनता आउने अनुमान गर्न सकिन्छ ।

(ङ) समीक्षा अवधिमा कोरोनाभाईरस कोभिड–१९ संक्रमणका कारण नेपालका सबै अन्तर्राष्ट्रिय हवाई सेवा बन्द रहेकोले पर्यटन गतिबिधिहरु शून्य रहेको र होटलमा पर्यटक आगमन प्राय नभएको अवस्था रहेकाले गत आर्थिक वर्षमा खुद मुनाफा भएको तुलनामा यस आर्थिक वर्षको सोही अवधिमा खुद नोक्सान भएको छ ।

साथै, उल्लेखित प्रथम त्रैमासिक अवधिका वित्तीय विवरणहरु अन्तर्गत नाफा वा नोक्सानको विवरणको कर्मचारी सुविधा खर्च (Employee Benefit Expenses) शिर्षकमा कम्पनीका स्वेच्छाले अवकाश लिएका कर्मचारीहरुको अवकाश सम्बन्धी सुविधाहरुको अन्तिममा पाउने अवकाश भुक्तानी खर्च समेत समावेश रहेका छ ।

कम्पनीले समिक्षा प्रथम त्रैमासिक अवधिमा व्यवस्थापकीय कार्यकुशलता सहित अधिकतम मितव्ययिता अपनाउदै व्यवसायमा आईपर्ने कुनै पनि प्रतिकुल परिस्थितिहरुबाट पर्नसक्ने प्रभावलाई अधिकतम रुपमा न्यूनिकरण गर्दै कुशल व्यवस्थापकीय रणनितिका साथ व्यवसायको सुक्ष्म व्यवस्थापनका साथै कम्पनीमा हुन सक्ने नोक्सानीलाई न्यूनीकरण गर्ने नितिलाई कठोरताका साथ पालना गरि रहेकोछ । साथै, यस आर्थिक वर्षको दोश्रो त्रैमासिक अवधिमा पनि यो नितिलाई कायम राख्दै सापेक्षरुपमा सो अवधिको होटेलको आम्दानीको न्यूनतालाई समेत दृष्ठिगत गर्दै सोहि अनुकुल खर्चलाई मितव्ययीता अपनाउँदै पूर्णतः नियन्त्रणात्मक गतिबिधिहरु तर्फ कडाईका साथ लागु गर्ने तर्फ उन्मूख रहदै, शसक्त व्यवस्थापकीय दक्षताका साथ उचित पाईला चाल्दै कम्पनीलाई व्यवसायिक नोक्सानीबाट बचाउने तर्फ पूर्ण ध्यान केद्रित गर्नेछ ।

### ३. कानुनी कारवाही सम्बन्धी विवरण

(क) आर्थिक वर्ष २०७७/०७८ को प्रथम त्रैमासिक अवधिमा कम्पनीले कुनै मुद्दा दायर गरेको छैन र कम्पनी उपर पनि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।
(ख) आर्थिक वर्ष २०७७/०७८ को प्रथम त्रैमासिक अवधिमा कम्पनीका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।
(ग) आर्थिक वर्ष २०७७/०७८ को प्रथम त्रैमासिक अवधिमा कम्पनीलाई कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

### ४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण

(क) शेयरको कारोबारमा हुने उतार चढाव खुल्ला बजारले प्रतिपादित गरेको मूल्य र मान्यता अनुरुप निर्देशित हुने गरेकोछ । शेयरको कारोबार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।
(ख) कम्पनीको आर्थिक वर्ष २०७७/०७८ को आश्विन मसान्त २०७७ मा अन्त्य भएको प्रथम त्रैमासिक अवधिमा प्रति शेयर रु. १०/– का दरको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या देहाय बमोजिम रहेको छः–

| त्रैमासिक<br>आ.व. २०७७/७८<br>(२०२०/२१) | शेयरको कारोबार – मूल्य (रु.) | | | कूल शेयरको कारोबार – दिन र संख्या | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कूल दिन | कारोबार संख्या | कूल कारोबार शेयर संख्या |
| प्रथम त्रैमासिक<br>(२०७७ आश्विन मसान्त) | २११/– | १४८/– | १८५/– | ६३ | ५,४६२ | १४,४७४,२१४ |

## ५. समस्या तथा चुनौती

### (क) समस्याहरु: तथा चुनौतीहरु:

**आन्तरिक**

(१) यस कम्पनीमा आन्तरिक समस्या नरहेको ।

**बाह्य:**

(१) विश्वव्यापी रुपमा तिव्रतर गतिमा सक्रमण सहित फैलिरहेको कोरोनाभाईरस (कोभिड १९) को प्रतिकुल प्रभाव ।
(२) अप्रत्याशितरुपमा घटने पर्यटन प्रतिकूलताका राष्ट्रिय र अन्तर्राष्ट्रिय घटनाहरुको प्रभाव ।
(३) देशमा पर्यटन सम्बन्धी पर्याप्त भौतिक पूर्वाधारहरुको विकासको कमीबाट पर्ने नकारात्मक प्रभाव ।
(४) पर्यटकहरुको सुरक्षा, देशको आर्थिक र राजनैतिक अवस्था तथा सम्बन्धित बजार मुलुकहरुबाट जारी गरिने यात्रा प्रतिकूलता सम्बन्धी निर्देशनहरुबाट पर्ने प्रभावहरु ।
(५) विदेशी विनिमय दरमा (अमेरिकी डलर र यूरो) हुने अप्रत्याशित परिवर्तन ।
(६) उर्जा, बिद्युत, इन्धन तथा तत्सम्बन्धी औद्यौगिक पदार्थमा हुने अप्रत्याशित उच्च मूल्य वृद्धि तथा उपभोग्य पदार्थको मूल्यबृद्धि र श्रम सम्स्याहरुबाट पर्ने प्रत्यक्ष र अप्रत्यक्ष प्रभावहरु ।
(७) नयाँ होटेलहरुको संचालन पश्चात देखा परेको र पर्न सक्ने बढ्दो होटेल कोठा आपूर्ति तथा पर्यटन बजारको मागमा आएको उच्च असन्तुलनबाट व्यवसायमा पर्न सक्ने प्रभाव ।
(८) पर्यटन उद्योगमा देखापर्ने औद्योगिक अशान्ति, अप्रत्याशित रुपमा हुने बन्द हडताल, आन्तरिक पर्यटन प्रवर्द्धनको कमी तथा सर्वसुलभ पर्यटकीय सार्वजनिक यातायातको अभाव तथा अन्तर्राष्ट्रिय हवाई सिट क्षमतामा न्युनताबाट पर्ने प्रत्यक्ष र अप्रत्यक्ष प्रभावहरु ।
(९) देशमा अचानक आइपर्ने असहज परिस्थितिहरु, प्राकृतिक तथा दैवी विपदा तथा प्रकोपहरुको प्रभाव ।

### (ख) रणनिति

कोरोनाभाईरसको महामारी जस्तो दैवि प्रकोपयुक्त आगामी अनिश्चित तथा कोरोनाभाईरस (कोभिड – १९) संक्रमणको यस प्रतिकुल परिस्थितिमा होटेलको व्यावसापयिक संचालन गतिविधीहरु अत्यन्त न्यून भएको अवस्थामा कम्पनीले न्युनतम संचालन खर्चमा होटेललाई चालु राख्दै यसका संरचनागत सुबिधाहरुलाई पूर्ण क्रियाशिल राख्दै कुल संचालन खर्च घटाउनको लागि अपनाउनु पर्ने सबै व्यवसायीक रणनितिक, नीतिगत तथा व्यवसायीक कार्यकुशलतालाई पूर्ण क्षमतामा प्रयोग गर्दै कम्पनीका सबै संयन्त्रहरुको समुचित सदुपयोग गर्दै होटेलको संचालन न्यूनतम खर्चमा गर्ने, कर्मचारी तथा सो संग सम्बन्धित खर्चको मितव्ययीता सहित अन्य अनावश्यक खर्चहरुलाई समेत कटौति गर्दै होटेललाई प्रतिकुल परिस्थितिमा पनि अनुकुल बातावरण बनाई न्यूनतम रुपमा भएतापनि आय आर्जन गर्ने तर्फ उच्च प्राथमिकता दिनेछ ।

## ६. संस्थागत सुशासन

**संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापन द्वारा चालिएका कदम सम्बन्धी विवरण**

(क) कम्पनीको लेखापरीक्षण समितिले स्वतन्त्र आन्तरिक तथा वाह्य लेखा तथा व्यवस्थापकीय प्रतिवेदनहरुको त्रैमासिक पुनरावलोकन एवं समीक्षा गर्दै आवश्यक सुझाव सहित प्रतिवेदनमा उल्लेखित सिफारिशहरुको परिपालना भए नभएको अनुगमन समेत गर्दछ । लेखापरीक्षण समितिले कम्पनीको संचालक समिति समक्ष नियमित रुपमा प्रतिवेदन पेश गर्ने गर्दछ र यस सम्बन्धमा कम्पनीको संचालक समितिले समेत आवश्यक निर्देशन दिने गर्दछ ।
(ख) कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली अन्तर्गत होटेलको आफ्नै आन्तरिक लेखापरीक्षण विभाग समेत कार्यरत रहेको छ ।
(ग) कम्पनीको आन्तरिक लेखापरीक्षण छुट्टै स्वतन्त्र आन्तरिक लेखापरीक्षकबाट गरिन्छ जसले त्रैमासिक आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण समिति समक्ष पेश गर्ने गर्दछ ।
(घ) कम्पनीले नियमनकारी निकायद्वारा जारी गरिएका नियम, विनियम र निर्देशनहरुको पूर्ण परिपालना सहित अन्य प्रचलित ऐन तथा कानून बमोजिम पुरा गर्नु पर्ने मापदण्डहरुको पूर्ण पालना गर्दछ ।

## ७. सत्य, तथ्यता सम्बन्धमा (अध्यक्ष/कार्यकारी प्रमुख) कार्यकारी अध्यक्षको उद्घोषण

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

अनुसूची १

# SOALTEE HOTEL LIMITED

## UNAUDITED FINANCIAL RESULTS

## AT THE END OF 30 SEPTEMBER 2020, FIRST QUARTER OF THE FISCAL YEAR 2077/078 (2020/21)

| PARTICULARS | Up to This Quarter ending on 30 September, 2020 (Unaudited) | Up to this Quarter ending on 31 Ashadh 2077 (15 July 2020) (Unaudited) | Corresponding Previous year Quarter ending on 30 September 2019 (Unaudited) |
|---|---|---|---|
| **STATEMENT OF FINANCIAL POSITION AS AT 30 SEPTEMBER 2020** | | | |
| **ASSETS** | | | |
| **Non-Current Assets** | | | |
| Property, Plant and Equipment | 1,396,838,694 | 1,409,973,090 | 1,260,251,732 |
| Intangible Assets | 1,861,856 | 2,362,371 | 869,950 |
| Investment Property | 92,722,782 | 93,077,022 | 94,777,081 |
| Deferred Tax Assets | 47,727,486 | 64,875,738 | 62,688,627 |
| Investments | 283,898,980 | 283,898,980 | 283,898,980 |
| Trade and Other Receivables | 43,782,784 | 36,639,929 | 74,238,595 |
| **Total Non-Current Assets** | **1,866,832,582** | **1,890,827,130** | **1,776,724,965** |
| **Current Assets** | | | |
| Inventories | 67,104,033 | 88,569,453 | 100,405,448 |
| Income Tax Receivable | 17,955,853 | 11,318,337 | 1,041,465 |
| Investment | - | 80,000,000 | 90,000,000 |
| Trade and Other Receivables | 166,712,845 | 193,988,233 | 208,684,273 |
| Prepayments | 3,120,354 | 10,916,694 | 16,527,161 |
| Cash and Cash Equivalent | 82,557,903 | 209,985,349 | 244,213,202 |
| **Total Current Assets** | **337,450,988** | **594,778,066** | **660,871,549** |
| **Total Assets** | **2,204,283,570** | **2,485,605,196** | **2,437,596,514** |
| **EQUITY AND LIABILITIES** | | | |
| **Equity and reserves and Surplus** | | | |
| Share Capital | 842,579,730 | 842,579,730 | 732,675,370 |
| Retained Earnings and Reserves | 727,887,776 | 808,303,542 | 924,900,591 |
| **Total Equity** | **1,570,467,506** | **1,650,883,272** | **1,657,575,961** |
| **Liabilities** | | | |
| **Non-Current Liabilities** | | | |
| Loans and Borrowings | 2,434,340 | 2,662,471 | 3,578,682 |
| Employee Benefits | 342,764,856 | 395,835,487 | 391,008,022 |
| Trade and other payables | 25,540,990 | 37,599,112 | 23,116,845 |
| **Total Non-Current Liabilities** | **370,740,186** | **436,097,070** | **417,703,549** |
| **Current Liabilities** | | | |
| Loans and Borrowings | 1,223,356 | 1,161,908 | 1,161,908 |
| Employee Benefits | 32,573,604 | 33,609,739 | 29,242,926 |
| Trade and other payables | 229,278,918 | 363,853,207 | 331,912,169 |
| **Total Current Liabilities** | **263,075,878** | **398,624,854** | **362,317,003** |
| **Total Liabilities** | **633,816,064** | **834,721,924** | **780,020,552** |
| **Total Equity and Liabilities** | **2,204,283,570** | **2,485,605,196** | **2,437,596,514** |
| **STATEMENT OF PROFIT OR LOSS FOR THE PERIOD ENDED ON 30 SEPTEMBER 2020** | | | |
| Revenue | 51,350,447 | 1,238,687,603 | 316,467,897 |
| **Total Revenue** | **51,350,447** | **1,238,687,603** | **316,467,897** |
| Consumption of Food and Beverages | 15,609,100 | 206,236,784 | 52,450,575 |
| Employee Benefit Expenses | 68,009,803* | 448,749,579 | 114,207,608 |
| Operating Expenses | 17,860,923 | 173,715,891 | 48,642,057 |
| Depreciation and amortization expenses | 21,449,295 | 98,002,661 | 20,417,221 |
| Administrative & Other Expenses | 7,628,762 | 183,877,675 | 43,147,463 |
| **Total Expenses** | **130,557,883** | **1,110,582,590** | **278,864,924** |
| **Profit from Operation** | **(79,207,436)** | **128,105,013** | **37,602,973** |
| Finance Cost | 110,337 | 578,458 | 109,370 |
| **Profit before Taxes** | **(79,317,773)** | **127,526,555** | **37,493,603** |
| Provision for Tax | - | 21,790,296 | 7,967,390 |
| **Net Profit/(Loss) after Tax** | **(79,317,773)** | **105,736,259**** | **29,526,213** |

**Note: * It includes Employee Retirement Payment Rs. 47,013,024. ** The Financial Statement is subject to change at the time of Statutory Audit, if any.**